# स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP-MSS) सम्बन्धि स्वास्थ्य चौकी स्तरीय अभिमुखीकरण तथा फलोअप मुल्यांकन कार्यक्रमको

# प्रतिवेदन

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश,नेपाल

## प्रतापपुर गाउँपालिका

## स्वास्थ्य शाखा

आ.ब. २०८१/०८२

कार्यक्रम सन्चालन मिति :२०८१/०७/०४,०६,०८,०९,१०,११,१२,१३ र १४ गते

कार्यक्रम : स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP-MSS) सम्बन्धि स्वास्थ्य चौकी स्तरीय अभिमुखीकरण तथा फलोअप मुल्यांकन कार्यक्रम ।

प्रस्तावना :

यस प्रतापपुर गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकी हरुको व्यवस्थापन कस्तो छ भन्ने कुरा स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समिती र स्वास्थ्य सेवा प्रदायकहरु द्वारा नै मुल्यांकन गरि सुधार गर्दै व्यवस्थापकीय पाटो लाइ मजबुत बनाइ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न यो कार्यक्रम संचालन गरिएको थियो ।यस कार्यक्रम अन्तर्गत सहभागी हरुलाई स्वास्थ्य चौकी को न्युनतम सेवा मापदण्ड (HP-MSS) बारे अभिमुखीकरण गर्नुका साथै स्वास्थ्य चौकी को न्युनतम सेवा मापदण्ड (HP-MSS) निर्देशिका २०७५ अनुसार उक्त स्वास्थ्य चौकीको मुल्यांकन गरि कार्ययोजना तयार गरिन्छ ।सोहि कार्ययोजना अनुसार स्वास्थ्य चौकीको व्यवस्थापकीय पाटोलाई मजबुत गर्दै लगिन्छ ।

उदेश्य:

स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP-MSS) निर्देशिका २०७५ अनुसार स्वास्थ्य चौकीको न्युनतम सेवा उपलब्धताको अवस्था बारे मुल्यांकन गरि आवश्यकता अनुसार कार्ययोजना बनाई सुद्रिधिकरण गर्ने ।

संचालन प्रक्रिया :

प्रस्तुत कार्यक्रम मिति २०८१/०७/०४ गते बैदौली स्वास्थ्य चौकी, २०८१/०७/०६ गते गुठी प्रसौनी स्वास्थ्य चौकी,२०८१/०७/०८ गते पिपरपाती आधारभूत स्वास्थ्य सेवा केन्द्र, २०८१/०७/०९गते प्रतापपुर स्वास्थ्य चौकी ,२०८१/०७/१० गते सोमनी स्वास्थ्य चौकी,२०८१/०७/११ गते गुठि सूर्यपुरा

सन्तोष कुमार गुराउ
स्वा. शाखा प्रमुख

स्वास्थ्य चौकी ,२०८१/०७/१२ गते भिठा आधारभूत स्वास्थ्य सेवा केन्द्र र २०८१/०७/१३ गते ठुलो खैरटवा स्वास्थ्य चौकीमा संचालन भएको थियो ।उक्त कार्यक्रमहरु तत् तत् स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिका अध्यक्षज्यूहरुको अध्यक्षतामा संचालन भएको थियो ।कार्यक्रम मा स्वास्थ्य कार्यालय परासीका परिवार नियोजन फोकल श्री निरज राना र HKI संस्थाका FO श्री निरज भट्टराई तथा प्रतापपुर गाउँपालिकाका जन स्वास्थ्य निरीक्षक मन्तोष कुमार मुराउले सहजीकरण गर्नु भएको थियो । प्रत्येक स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP-MSS) तथा स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP-MSS) निर्देशिका २०७५ सम्बन्धि अभिमुखीकरण तथा स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (HP-MSS) को मुल्यांकन गरिएको थियो ।कार्यक्रममा स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिका सम्पूर्ण पदाधिकारी र स्वास्थ्य चौकीका सम्पूर्ण स्वास्थ्यकर्मी तथा सहायो कर्मचारीहरु सहभागी भएका थिए भने प्रशासन,लेखा द्वारा कार्यक्रमको अनुगमन समेत भएको थियो । उक्त मुल्यांकन मास्वास्थ्य चौकीहरूले प्राप्त गरेका अंक तपसिलानुसार छन् :

| क्र.सं. | खण्ड | बैदौली स्वा. चौकी | ठुलो खैरटवा स्वा.चौकी | गुठी प्रसौनी स्वा. चौकी | पिपरपाती आ.स्व.से.केन्द्र | भिठा आ.स्वसे केन्द्र | सोमनी स्वा.चौकी | गुठी सूर्यपुरा स्वास्थ्य चौकी | प्रतापपुर स्वा.चौकी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुशासन र व्यवस्थापन | ७८% | ९०% | ७६% | ७४% | ६८% | ७७% | ९८% | ९४% |
| २ | क्लिनिकल सेवा व्यवस्थापन | ६४% | ९४% | ७८% | ६०% | ५०% | ६८% | ९१% | ९४% |
| ३ | स्वास्थ्य चौकी सहयोग सेवा व्यवस्थापन | ६०% | ८३% | ६३% | ५८% | ३८% | ६८% | ८५% | ८३% |
| ४ | कुल प्राप्तांक | ६६% | ९१% | ७४% | ६२% | ५१% | ७०% | ९१% | ९२% |
| ५ | कलर कोड | पहेलो | हरियो | निलो | पहेलो | पहेलो | निलो | हरियो | हरियो |

मन्तोष कुमार मुराउ
स्वा. शाखा प्रमुख

## समापन :

सम्पूर्ण संस्थाहरुमा बिहान १०:०० बजे संचालन भएको उक्त कार्यक्रम मुल्यांकन सहित कार्ययोजना तयार गरि ५:३० बजे तिर समापन गरिएको थियो । समापन सत्रमा स्वास्थ्य कर्मी तथा व्यवस्थापन समितिका पदाधिकारीहरुले स्वास्थ्य चौकीको न्युनतम मापदण्ड (HP-MSS) स्वास्थ्य संस्थाको व्यवस्थापकीय पाटोलाई चित्रण गर्ने अति नै प्रभावकारी मापदण्ड रहेको टिप्पणी गरेका थिए । स्वास्थ्य चौकीको न्युनतम मापदण्ड को मुल्यांकन पश्चात व्यवस्थापनको बिभिन्न खण्डमा प्राप्त भएका अंकको आधारमा भएका कमि कमजोरी हरु नियाल्दै बनाइएको कार्ययोजना अनुसार स्वास्थ्य संस्थाहरु बाट गुणस्तरिय सेवा प्रवाह गर्न सम्पूर्ण आवश्यकताहरुलाई प्राथमिकताको आधारमा पूर्ति गर्दै जाने भन्ने कुरा सहभागी स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिका अध्यक्षज्यु हरुले आफ्ना भनाइ राख्दै कार्यक्रम समापन गर्नु भएको थियो ।

कार्यक्रममा तपसिल अनुसारको खर्च भएको देखिन्छ ।

भत्ता : ९६,३००/-

प्रशिक्षक यातायात :८,०००/-

स्टेसनरी + प्रशिक्षण मसलन्द :१५,६६०/-

खाजा +चिया+ पानि :३९,८४०/-

ब्यानर+स्कोर चार्ट : ७,८००/-

जम्मा :१,६७,६००/-

सन्तोष कुमार गुराउ
स्वा. शाखा प्रमुख

प्रतिफल :

स्वास्थ्य चौकीहरुको न्युनतम सेवा मपदण्डको मुल्यांकन पश्चात उक्त संस्थाहरुका व्यवस्थापकीय पाटोमा रहेका कमि कमजोरी तथा समस्याहरुको पहिचान भइ प्रभावकारी कार्ययोजना निर्माण भएको र सो को कार्यन्वयन गरि आगामी दिनहरुमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न सहज हुने भएको छ ।

तयार पार्ने :
मन्तोष कुमार मुराउ
जन स्वास्थ्य निरीक्षक

मन्तोष कुमार मुराउ
स्वा. शाखा प्रमुख